नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०  अंक ६९  २०७७ साल असोज २१ गते बुधबार (7 Oct. 2020 Wednesday)  मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म  कैद र पचास हजार रुपैयांसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कोभिड-१९ संक्रमित... ३ पृष्ठमा : हिरोको नयाँ मोटरसाइकल.. ३ पृष्ठमा : विश्वभर कोभिड-१९ बाट दुई...

# चोरीमा संलग्न चार मध्ये दुई कारागार चलान

## दुई जनालाई धरौटीमा रिहा गर्न आदेश, धरौटी रकम तिर्न नसक्दा एक कारागारमै




**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

राजविराज नगरपालिका ७ हटियास्थित भदौं २२ गते ओमप्रकाश साहको पसलमा भएको चोरीको घटनामा संलग्न दुई जना पूर्पक्षका लागि कारागार चलान भएका छन् ।

चोरी आरोपमा राजविराज ६ का सैनी भनिने सनिया मण्डल र जिल्लाको रूपनी गाउँपालिका २ हरीरावाका लाल मोहम्मद राइन जिल्ला अदालत सप्तरीको आदेशमा मंगलबार कारागार चलान भएका हुन् ।

सोही घटनामा संलग्न सनियाका बहिनी ज्योति मण्डल सहनी र उनकै मदिरा पसलमा काम गर्ने समिम सलिमलाई अदालतले पुर्पक्षका लागि रु ७५ हजार धरौटीमा रिहा गर्ने आदेश गरेको छ । यता धरौटीको रकम तिर्न नसक्दा समिम राजविराज कारागारमा थुनामा परेका छन् ।

यस्तै ज्योति धरौटी राखेर पूर्पक्षका लागि तारखेमा रिहा भएको अदालतका स्रेस्तेदार कुमार मास्केले जनाकारी दिए ।

चोरी आरोपमा कारागारमा थुनामा परेका राइन प्रतिनिधि सभाको गत निर्वाचनमा सप्तरी निर्वाचन क्षेत्र नम्बर ३ मा देशभक्त लोकतान्त्रिक पार्टीबाट उम्मेदवार थिए भने पछिल्लो संविधानसभामा समेत उम्मेदवार बनेका थिए ।

पसलबाट उनीहरुले भदौ २२ गते चार लाख नगद र साढे एक लाख मूल्य बराबरको मोबाइल रिचार्ज कार्ड चोरी गरेका थिए । जसमध्ये तीन लाख ६० हजार र रु ५० हजारको रिचार्ज कार्डसहित चार जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

# कोरोना संक्रमितको संख्या १ हजार ३ सय ४४

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

सप्तरीमा मंगलवार ७ महिलासहित थप २२ जनालाई कोरोना संक्रमण पुष्टि भएसँगै जिल्लामा कोरोना संक्रमितको संख्या १ हजार ३ सय ४४ पुगेको छ ।

राजविराजमा ७ महिला र १२ पुरुष, रुपनी गाउँपालिकामा २ पुरुष र तिलाठि कोईलाडि गाउँपालिकामा १ पुरुषलाई कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यता जिल्लामा संक्रमित मध्ये १७ जनाको मृत्यु भएको छ भने १ हजार ८६ जना निको भएका छन् । जिल्लामा हाल ३५८ जना संकृय संक्रमित रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# तमरा अभियान संयोजक तथा पूर्वमन्त्री गुप्तालाई पितृ शोक

**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

तराई मधेश राष्ट्रिय अभियानका संयोजक तथा पूर्व सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्तालाई पितृ शोक परेको छ ।

उनका ९० वर्षिय पिता श्यामसुन्दर रौनियारको मंगलबार निधन भएको हो । मधुमेहलगायत रोगले ग्रसित रहेका रौनियारको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचारको क्रममा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

उनको सप्तरीको कञ्चनपुर नजिकैको कोशी नदी घाटमा सनातन हिन्दु परम्परानुसार दाहसंस्कार गरिएको जनाइएको छ ।

# गाउँपालिकाको कामकाज बन्द अध्यक्षसहित ६ जना संक्रमित



**दैनिक समाचारदाता**
**राजविराज, २० असोज ।**

सप्तरीको राजगढ गाउँपालिकाका अध्यक्ष र उनका परिवारका अन्य सदस्यसहित ६ जना कोरोना संक्रमित भएपछि गाउँपालिका कार्यालयको अत्याधिक सेवा बाहेक अन्य सेवा बन्द गरिएको छ ।

राजविराजस्थित गजेन्द्रनारायणसिंह अस्पतालको प्रयोगशालामा गरिएको परीक्षणमा अध्यक्षसहित उनका ४० वर्षीय छोरा, १५ र आठ वर्षीय नाती, ४० वर्षीय चालक तथा गाउँपालिका कृषि शाखाका संयोजक कोरोना संक्रमित भएको पुष्टि भएको थियो ।

गाउँपालिकाका अध्यक्ष र कृषि शाखाका संयोजक ५७ वर्षीय पुरुषमा आइतबार कोरोना संक्रमण पुष्टि भएपछि गाउँपालिकाको कामकाज बन्द गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष परमानन्द यादवले अर्को सूचना नभए सम्मका लागि आकस्मिक बाहेकका सबै सेवा बन्द गरिएको छ ।



## सम्पादकीय

# कामसँगै स्वास्थ्यको पनि ख्याल राखौं

सरकारले कोरोना माहामारीका बीच बन्दाबन्दी खोल्ने निर्णय गरेपछि अहिले विभिन्न सरकारी कार्यालयहरुमा सरकारले तोकेको मापदण्ड विपरीत सेवाग्राहीको भिड जम्मा हुने गरेको छ । बढी भिड हुने कार्यालयहरुमा जिल्ला प्रशासन, मालपोत, नापी, यातायात, भूमिसुधार लगायतकामा दिनहुँ अत्याधिक भिड हुन थालेको छ । सम्बन्धीत कार्यालयहरुले भिड नियन्त्रणका लागि प्रहरी समेत परिचालन गर्दा पनि सबैले आ-आफ्नै काम गराउने दाउमा रहन्छन् ।

यसरी महामारीका बीच खुलेका कार्यालयहरुबाट सेवा लिन आएकाहरु आफ्नो काम बाहेक स्वास्थ्यको ख्यालै नगरि सामाजिक दुरी समेत कायम नगरि गर्ने गरेको कामले भविष्यमा कस्तो परिणाम ल्याउ भन्ने कुरालाई बिर्सेका छन् । हुनत अहिले सबैभन्दा बढी प्रशासन कार्यालय लाग्ने गरेको छ । १६ वर्ष पुगेकाहरु अहिले नागरिकता बनाउन होडबाजी नै गर्ने गरेका छन् । उच्च शिक्षा हासिल गर्नका लागि नागरिकता अनिवार्य रहेकोले पनि उनीहरु जसोतसो लाइनमा लागेर पनि बनाउतर्फ केन्द्रित देखिन्छन् ।

तसर्थ सबैले आ-आफ्नो काम गर्नै पर्छ । तर, स्वास्थ्य समेतलाई ख्यालमा राखी तथा सरकारी निर्देशन सामाजिक दुरी कायम, अनिवार्य मास्क लगाउने, साबुन पानी अथवा सेनिटाइजरले हात धुनेजस्ता कुरालाई समेत ख्याल गर्नु नै आहिले आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोभिड-१९ संक्रमित खुल्दै

काठमाडौँ, २० असोज (रासस) ।

गत शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीका तीन जना सल्लाहकारमा कोभिड-१९ को सङ्क्रमण देखियो । मुख्य सल्लाहकार विष्णु रिमाल, प्रेस सल्लाहकार सूर्य थापा र परराष्ट्र सल्लाहकार राजन भट्टराई तथा प्रमुख स्वकीय सचिव इन्द्र भण्डारीले आफूहरुलाई सङ्क्रमण भएको सामाजिक सञ्जालबाटै जानकारी गराउनुभयो ।

मुख्य सल्लाहकार रिमालले सङ्क्रमण देखिएपछि शनिबार सामाजिक सञ्जालमा लेख्नुभएको छ "हिजो पिसिआर परीक्षण गराउँदा कोभिड-१९ पोजिटिभ देखियो । यसैबीच मसँग सम्पर्कमा आउनुभएका सबै महानुभावले आफ्नो स्वास्थ्यको ख्याल गर्नुहुन आग्रह गर्दछु ।" यस्तै प्रेस सल्लाहकार थापाले पनि गत शनिबार नै "हिजोको पिसिआर परीक्षणको क्रममा ममा कोरोना पोजिटिभ देखियो । यसबीचमा सम्पर्कमा रहनुभएका सबै मित्रहरूले विशेष सावधानी अपनाउन आग्रह गर्दछु," भनेर लेख्नुभएको छ ।

यस्तै नेपाली काँग्रेसका नेता गगन थापाले पनि यही असोज १७ गते शनिबार आफू सङ्क्रमित भएको जानकारी सामाजिक सञ्जालबाट गराउनुभयो । उहाँले आफ्नो स्वास्थ्य अवस्था सामान्य रहेको र घरमै आइसोलेसनमा बसेको बताउनुभयो । उहाँले आफ्नो सम्पर्कमा रहनुभएका सबैले सजगता अपनाउनु हुनसमेत अनुरोध गर्नुभयो । पहिले सङ्क्रमितले न आफूले सङ्क्रमण भएको जानकारी गराउथे, न सरकारले नै । अहिले यसरी कोभिड-१९ को सङ्क्रमितहरु आफैँ खुल्न थालेका छन् । विशेषगरी सार्वजनिक व्यक्तिले सामाजिक सञ्जालमार्फत आफूलाई सङ्क्रमण भएको जानकारी दिँदै आएका छन् । यस सूचीमा थुप्रै राजनीतिक दलका नेता, कलाकार, चिकित्सकलगायत अन्य व्यक्तिहरु छन् ।

उहाँहरु जस्ता समाजका जिम्मेवार व्यक्तिले आफू सङ्क्रमित भएको जानकारी गराउँदै सङ्क्रमणबाट बच्न सबैलाई अनुरोधसमेत गर्नुभएको छ । सरकारले सङ्क्रमितको बारेमा जानकारी नगराए पनि सङ्क्रमित आफैँ खुल्न थालेका हुन् । अहिले सङ्क्रमित भएको अवस्थामा नै उहाँहरुले कोभिड-१९ बाट बच्नका लागि उच्च सर्तकता राख्नसमेत अनुरोध गर्दै सामाजिक सञ्जालमा भिडियो बनाउने गरेका छन् । नेपालको पहिलो सङ्क्रमित को हो भनेर अझै सरकारले खुलाएको छैन ।

चीनको वुहान शहरबाट नेपाल आएका ती व्यक्ति को हुन् कहिले सङ्क्रमण भएको र कहिले निको भएको हो भन्ने सरकारले अझै औपचारिक रुपमा जानकारी गराएको छैन । ती व्यक्तिलाई माघ १० गते सङ्क्रमण भएको मात्र मन्त्रालयले अनौपचारिक रुपमा जानकारी गराएको छ । अहिले सङ्क्रमण फैलिन थालेपछि सङ्क्रमितहरु भने आफैँ सङ्क्रमण भएको जानकारी गराउँदै आएका छन् । अहिले नियमित पत्रकार सम्मेलनमार्फत मन्त्रालयले कोभिड-१९ बाट सङ्क्रमित, निको र निधन हुनेको जानकारी गराउँदै आएका छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पनि सङ्क्रमित भएको रिपोर्ट सिधैँ सम्बन्धित व्यक्तिलाई दिने भनेको छ । पहिले इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखामार्फत राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले मात्र रिर्पोट दिने गर्दथ्यो । महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले सङ्क्रमित व्यक्तिले अरुलाई पनि सङ्क्रमण नहोस् भनेर जानकारी गराउन पनि सङ्क्रमित खुल्ने गरेको बताउनुहुन्छ । उपत्यकामा पनि घरबेटीले चिकित्सक, नर्स, स्वास्थ्यकर्मीलगायत सर्वसाधारण सङ्क्रमितलाई बस्न नदिएको कुरा सार्वजनिक भएको थियो । मन्त्रालयले पटकपटक सङ्क्रमितलाई घरबाट ननिकाल्न घरबेटीलाई आग्रह गर्दै आइरहेको छ ।

मनोचिकित्सक डा अरुणा उप्रेतीले कोभिड-१९ को त्रास कम हुँदै जानु र विस्तारै सचेतना फैलिँदै गएपछि सङ्क्रमित खुल्न थालेको बताउनुहुन्छ । उहाँले अहिले शिक्षित, बुद्धिजीवी सङ्क्रमणबारे खुल्न थालेको बताउनुभयो । "पहिले पनि क्षयरोग, कुष्टरोग, एचआइभी एड्सजस्ता रोगलाई लुकाउने गरेको थियो । औषधि बनेपछि ती रोगका बिरामी आफैँ खुल्न थालेका थिए" उहाँले भन्नुभयो, "शुरु शुरुमा कोभिड-१९ लागेको मानिसलाई सङ्क्रण देखिएपछि घरपरिवार र समुदायका मानिस सबैलाई सर्छ भन्ने थियो । अहिले त्यस्तो देखिएन । कोभिड-१९ केही होइन भन्ने मानिसमा सचेतना भयो । त्यही भएर खुल्न थालेका छन् ।"

कोभिड-१९ बाट सङ्क्रमित पत्रकार मात्रिका पौडेलले सार्वजनिक ठाउँ समारोहमा जाने व्यक्तिमा सङ्क्रमित भयो भनेर जानकारी गराउँदा सम्पर्कमा आएमा मानिसले सतर्कता अपनाउने बताउनुहुन्छ । उहाँलाई गत बिहीबार सङ्क्रमण भएको थियो । उहाँले आफू पहिल्यैदेखि नै जनतासँग प्रत्यक्ष भेटघाट गर्ने व्यक्ति सङ्क्रमित भएको खण्डमा सबैलाई जानकारी गराउनु भन्दै आएको बताउनुभयो । "हामी धेरै मानिससँग सम्पर्कमा गएका हुन्छौँ," उहाँले भन्नुभयो, "हामीले को कोलाई भेटेको भन्ने थाहा हुँदैन । त्यही भएर सार्वजनिक व्यक्तिले सङ्क्रमण भएको जानकारी गराउँदा अरुले सजकता अपनाउँछन् ।"

मनोचिकित्सक डा उप्रेतीले अहिले पनि गाउँघरमा सङ्क्रमित खुल्न नसकेको बताउनुहुन्छ । उहाँले समाजमा सङ्क्रमितलाई भेदभावको रुपमा हेर्ने जस्ता क्रियाकलाप हुँदै आएको जानकारी दिनुभयो । नेपालमा मंगलबारसम्म ९० हजार ८१४ सङ्क्रमित, ६७ हजार ५४२ निको र ५६३ निधन भइसकेको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा सागरराज भण्डारीले बिरामीको अनुमति बिना बिरामीको बारेमा जानकारी गराउन नमिल्ने बताउनुभयो । उहाँले अहिले कोभिड-१९ को सङ्क्रमण सबैलाई लाग्ने भएकोले शिक्षित व्यक्तिले आफू सङ्क्रमित भएको जानकारी गराएर सूसूचित गरिरहेको बताउनुभयो । "यो रोग लुकाए झनै समस्या हुन्छ । आफू सङ्क्रमित भएको जानकारी गराउँदा रोकथाम र नियन्त्रणमा सहयोग पुग्दछ" उहाँले भन्नुभयो, "त्यसैले सबैले सङ्क्रमण लुकाउनुभन्दा सबैलाई जानकारी गराउनु राम्रो हुन्छ ।"

# "नोकिया २.४" सार्वजनिक

**दैनिक समाचारदाता**
**काठमाडौं, २० असोज ।**

एचएमडी ग्लोबल, होम्स् फर नोकिया फोनले नोकिया २.४ सार्वजनिक गरेको छ । नोकिया २ को अर्को जेनेरेशनले नाइट मोड र पोट्रेट मोडसहित एडभान्स इमेज सुविधाका साथ फोटोलाई अर्को स्तरमा पुर्याउन मद्दत गर्ने दाबी गरिएको छ ।




ठुलो ६.५ इन्च एचडी प्लस स्क्रीनका साथ लामो समयसम्म अधिक तस्वीरहरु हेर्न मिल्ने तथा यसका लागि दुई दिनसम्म टिक्ने ब्याट्री लाइफलाई आभार, जहा लोकप्रिय एप र गेमहरु लामो समयसम्म ब्याट्रीको चिन्ता बिना नै स्वतन्त्र रुपले मज्जा लिन सकिने छ ।

आधुनिक आवश्यकताहरु जस्तै फिंगरप्रिन्ट र फेस अनलकका साथ तपाईंले सहज पहुँच र थप सुरक्षाको लाभ लिन सक्नुहुन्छ । यसका साथै नोकिया २.४ एन्ड्रोइड प्रतिज्ञाहरुका साथ आउँदछ जसमा ३ वर्षसम्मको मासिक सक्युरिटी अपडेट र २ वर्ष सम्मको ओएस अपडेट रहेको छ ।

नाइट मोडमा एडभान्स इमेज फ्युजन र एक्पोजर स्ट्याकिंगका साथ नोकिया २.४ ले अध्यारो अवस्थाहरुमा पनि तस्बिर खिच्न मिल्छ । नयाँ पोट्रेट इडिटरका साथ तस्वीरहरु खिचेको लामो समय पछि पनि तत्काल शेयर गर्न योग्य बनाउन र अनुपम शटका लागि रिफोकश र सम्पादन गर्न सकिने छ ।

नोकिया २ दायराबाट अपेक्षा गर्नुभएको दुई दिनसम्मको ब्याट्री लाइफमा अटल रहदैं, नोकिया २.४ मा ४५०० एमएएच ब्याट्री छ जुन एकपटक चार्ज गर्दा दुई दिनसम्म टिक्छ । यसले कुन एप बढि प्रयोग गर्ने भन्ने थाहा पाउँन सकिन्छ । र यसका लागि पावरलाई प्राथमिकता दिन्छ ताकि आफ्नो मनपर्ने सुविधाहरु धेरै समयसम्म प्रयोग गर्न सकिने छ ।

नोकिया २.४ ले आधुनिक आवश्यक चीजहरु ल्याउँदछ, जस्तै सुविधाजनक फिंगरप्रिन्ट सेन्सर र एआई फेस अनलकको साथ उपकरणमा छिटो र सजीलो पहुँच गर्न तपाईले आफ्नो फोन कसरी प्रयोग गर्ने भन्नेमा बहुउपयोगिता प्रदान गर्दछ । यसको फिनिश रुटहरूमा अटल रहँदै, नोकिया २.४ टिकाऊ डिजाइनमा आउँछ जुन केवल राम्रो देखिन मात्र नभएर टिकाउका लागि निर्मित छ । थ्रीडी न्यानो–टेक्स्चर्ड कभर तपाईंको हातमा सुरक्षित रूपले बस्छ र एक आश्चर्यजनक फिनिशका साथ यो नोर्डिक–प्रेरित रंगमा उपलब्ध छ । साथै, पोलीकार्बोनेट शेलको साथ डाइ–कास्ट धातु च्यासिसले तपाईंको फोनमा दृढता मिल्छ र तपाईंले नोकिया फोनबाट अपेक्षा गर्नुहुने आरामदायक महसुस गराउँदछ ।

नोकिया २.४ ले तपाईंलाई एक सुव्यवस्थित ईन्टरफेस र कुनै ब्लोटवेयर बिना एक उत्कृष्ट सफ्टवेयर अनुभव ल्याएर आफ्नो शुद्ध, सुरक्षित र अप–टु–डेट वाचा प्रदान गर्दछ । एन्ड्रोइड वन कार्यक्रमको एक हिस्सा, नोकिया २.४ मा तपाईले तीन बर्षको मासिक सुरक्षा अपडेट र दुई बर्षको सफ्टवेयर अपग्रेडका साथ नयाँ एन्ड्रोइड सुविधाहरू र सुरक्षाको मज्जा सुनिश्चित गर्दछ, ताकि तपाई आफ्नो फोनबाट अधिक समयको धेरै पाउन सक्नुहन्छ । साथै, आवाज वा समर्पित बटन द्वारा सक्रिय गुगल एसिस्टेन्टको सहयोगबाट जानकारी पहुँच गर्न अझ सजिलो छ ।

# हिरोको नयाँ मोटरसाइकल बजारमा

**दैनिक समाचारदाता**
**काठमाडौं, २० असोज ।**

युवामय एवं आधुनिक उत्पादनको सूचीप्रतिको आफ्नो प्रतिबद्धतालाई विस्तार गर्दै विश्वकै मोटर साइकल र स्कूटरको सबैभन्दा ठूलो निर्माता हिरो मोटोकर्पले आफ्नो लोकप्रिय मोटरसाइकल हिरो ग्ल्यामरलाई अब एक नयाँ अवतारमा बजारमा सार्वजनिक गरेको छ ।

अद्यावधिक गरिएको सुपर स्प्लेन्डर मोटरसाइकल प्रस्तुत गरे लगत्तै कम्पनीले बहु-उपयोगी तथा स्टाइलिस हिरो ग्ल्यामर बजारमा उपलब्ध गराएको हो । जसको बजार मुल्यहाललाई रु.२ लाख २० हजार कायम गरिएको छ । यो नयाँ मोटरसाइकल नेपालभर सबै प्रमुख शहरहरुमा रहेको हिरो डिलरसिप कहाँ यही आश्विन २३ गतेबाट बिक्रीको लागि उपलब्ध हुनेछ ।

विश्वसनीय कार्य क्षमता एवं अद्भुत सवारी अनुभवसँगै स्टाइलिस नयाँ विशेषताहरुको संयोजनले भरपूर यो नयाँ ग्ल्यामरमा आइबिएस (एकीकृत ब्रेकिङ्ग प्रणाली) जस्तो सुरक्षात्मक विधि थप गरिएको छ । आइबिएसको सुरक्षाले गर्दा चालकलाई समग्र भू-भागहरुमा आराम र वास्तविक सडकको उपस्थितिका साथ दिनभर बाधा अड्चनहरु पर गर्न मद्दत पुग्नेछ ।

यसको स्टाइल उपलब्धि र चमत्कारी स्वरुपमा थप गरिएका अन्य विशेषताहरुमा श्री डि ब्राण्डिङ्ग प्रतिरुप, नवीनतम धर्काहरु, स्प्लिट रियर ग्रिप, हगर फेण्डर र रिम टेपहरुका साथै युएसबि चार्जर ८ पनि रहेका छन् ।

भारतको जयपुर, राजस्थानमा रहेको हिरो मोटो कर्पको विश्वस्तरीय आर एण्ड डि केन्द्र, 'अनुसन्धान तथा प्रविधि केन्द्र (सिआइटि) ले यो नयाँ हिरो ग्ल्यामरको डिजाइन तथा विकास गरिएको हो ।

बिक्री शुभारम्भ समारोहलाई सम्बोधनगर्दै हिरो मोटो कर्पको ग्लोबल बिजनेसका प्रमुख रजत भार्गवले "हिरो मोटोकर्पको विश्व व्यापी व्यवसायिक रणनीतिमा नेपालको बजारले एक अर्थपूर्ण स्थान ओगटेको छ । हामीले पहिले नै यहाँको बजारमा मजबुत एवं लोकप्रिय हिरो उत्पादनहरु उपलब्ध गराइसकेका छौं र हिरो सुपर स्प्लेण्डर उपलब्ध गराएलगत्तै यो नयाँ हिरो ग्ल्यामर पेश गर्नुले हाम्रा ग्राहकहरु माझ हिरोको थप उत्पादन विस्तार गर्न सहयोग पुगेको छ ।" भने ।

नेपालमा हाल उपलब्ध भैरहेका हिरोका उत्पादनहरुमा एक्सपल्स २००, एक्सपल्स २००टि, एक्स्ट्रिम २०० आर, एक्स्ट्रिम स्पोर्टस्, एचिभर १५०, एचएफ डिलक्स, स्प्लेण्डर प्लस, स्प्लेण्डर आइस्मार्ट ११०, सुपर स्प्लेण्डर मोटरसाइकलहरु र डेस्टिनि, प्लिजर, प्लिजर प्लस, डुएट, मेएस्त्रो एज् स्कूटरहरु रहको छ ।

# "जावार जावाफोर्टी टु" मोटरसाइकल नेपाली बजारमा

**दैनिक समाचारदाता**
**काठमाडौं, २० असोज ।**

भारतभर फैलिएको व्यापक डिलरसिप नेटवर्कबाट आफ्ना तीन नयाँ जावा मोडलहरूले प्राप्त गरेको विशाल प्रतिक्रिया र सफलताको आधारसहित क्लासिक लेजेन्ड्स नेपाली बजारमा आफ्नो पदचिन्ह विस्तार गर्न तयार रहेको छ ।

क्लासिक लेजेन्ड्सले अग्नि मोटोइन्क प्रा.लि. लाई नेपालका लागि आधिकारिक वितरक-साझेदारका रूपमा नियुक्त गरेको छ । यो अग्नि समूहको सहायक कम्पनी हो र नेपालमा महिन्द्रा युटिलिटी सवारी साधन, ट्र्याक्टर, थ्रि व्हीलर, इलेक्ट्रिक कार र पावरोल जेनेरेटरको एक मात्र अधिकारिक वितरक पनि हो ।

कम्पनीले नेपालमा सुरुमा आफ्नो जावार जावाफोर्टी टु मोडेल उपलब्ध गराउने भएको छ । यो कदमसहित क्लासिक लिजेन्डस्ले नेपालमा जावा अनुशरणकर्ताहरूका लागि आफ्ना लोकप्रिय मोडेलहरू सुलभ ढंगले पहुँच हुनेगरी प्रस्तुत गर्नेछ र उनीहरूलाई



'जावालाइफ'को अनुभव गर्ने मौका प्रदान गर्दछ ।

क्लासिक लेजेन्ड्स प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत आशिष सिंह जोशीले यो घोषणा गर्दै भने "जब हामीले भारतमा नयाँ जाभा मोडलहरूका लागि अदभूतपूर्व प्रेम, चासो र माग सहित सफलता हासिल गऱ्यौं, त्यस बेला हामीलाई नेपालमा पनि यस्तो स्नेह प्राप्त हुने थाहा भयो । हामी नेपालमा आफ्नो सञ्चालन विस्तारका क्रममा यहाँ हाम्रा जावार जावाफोर्टी टु गरी दुईवटा मोडेलहरू प्रस्तुत गर्दैछौं, हामी देशका सबै क्लासिक मोटरसाइकल प्रेमीहरूलाई इतिहासको एक हिस्सासहित एउटा अद्वितीय स्वाभित्व अनुभवका साथ हाम्रो प्रतिबद्धतालाई पुष्टि गर्दछौं ।"

कार्यक्रममा बोल्दै अग्नि ग्रुपका प्रबन्ध निर्देशक श्री क्याबिनेट श्रेष्ठले भने "यसले हामीलाई क्लासिक लेजेन्ड्सका जावा मोटरसाइकलहरु नेपालमा ल्याउनमा ठूलो गर्व प्रदान गरेको छ । हामी हाम्रो देशका मोटरसाइकल प्रेमीहरूका लागि यी क्लासिक मोटरसाइकल ल्याउन पाउँदा उत्साहित भइरहेका छौं । एउटा प्रमाणिक र आइकोनिक ब्रान्ड जावाप्रति निकै म निकै आशावादी छु, यसले मोटरसाइकल प्रेमीहरूका स्वतन्त्र भावनालाई निश्चित रूपले पूर्ति गर्दछ र नयाँ जावाको पौराणिक क्लासिक अझै ट्रेन्डी देखिएको छ र यसको सबल निर्माण विशेषताले गर्दा नेपालका हाम्रा ग्राहकहरू बीच तत्कालै लोकप्रिय हुनेमा म विश्वस्त छु ।"

# वडा कार्यालयमा तालाबन्दी

**दैनिक समाचारदाता**
**बारा २०, असोज ।**

वडा विकास सुधार समिति वडा नं. १६ ले मंगलबार कलैया उपमहानगरपालिका वडा नं. १६ वडा कार्यालयमा तालाबन्दी गरेको छ ।

समितिका अध्यक्ष अनिल कुशवाहाको नेतृत्वमा रहेको एक टोलीले वडाको कार्यालयमा तालाबन्दी गरेके हो । सो समितिले ११ सुत्रिय मागसहित सम्बन्धित सरोकारवाला निकायमा ज्ञापन पत्र दिदै आएको थियो ।

बारा जिल्लाको कलैया उपमहानगरपालिकाको वडा नं. १६ को वडाध्यक्ष शेषनाथ साह निर्वाचित भएका तीन वर्षको कार्यकाल बितिसक्दा पनि ३ दिन पनि वडा कार्यालयमा पुरा समय उपस्थित भई राज्य सरकारले लिएको लक्ष्य तथा जनतासमक्ष गरेको वाचा अनुरुपका कामहरु नगरेकोमा वडा विकास सुधार समितिको गम्भीर ध्यानाकार्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## विश्व समाचार

### विश्वभर कोभिड-१९ बाट दुई करोड ६८ लाखभन्दा बढी संक्रमणमुक्त

पेरिस, २० असोज (रासस/एएफपी) ।

विश्वभरी फैलिएको कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या दुई करोड ६८ लाखभन्दा बढी पुगेको छ । अधिकारीहरुले मङ्गलबार दिएको जानकारी अनुसार विश्वभरि कूल दुई करोड ६८ लाख ८९ हजार ७६८ जना कोभिड-१९ बाट सङ्क्रमणमुक्त भएका हुन् । विश्वभरी अहिलेसम्म कूल तीन करोड ५७ लाख ३० हजार ९६५ जना सङ्क्रमित भएका छन् । ती मध्ये दश लाख ४६ हजार ४८४ जनाको मृत्यु भएको छ । विश्वमा सबैभन्दा धेरै सङ्क्रमित भएको देश अमेरिकामा रहेको छ । अमेरिकामा अहिलेसम्म ७६ लाख ७९ हजार ९०८ जना सङ्क्रमित भएका छन् भने कोरोनाकै कारण कुल दुई लाख १५ हजार ३९ जनाको मृत्यु भएको छ । त्यसैगरी दोस्रो धेरै सङ्क्रमित भारतमा रहेका छन् । जहाँ कुल सङ्क्रमितको सङ्ख्या ६६ लाख ८५ हजार ८२ रहेको छ । भारतमा कोरोनाका कारण अहिलेसम्म एक लाख तीन हजार छ सयको मृत्यु भएको छ । तेस्रो धेरै सङ्क्रमित हुनेमा ब्राजिल रहेको छ भने चौथो र पाँचौ धेरै सङ्क्रमित रहेको मुलुकमा रुस र कोलाम्बीया रहेका छन् । त्यसैगरी स्पेन, पेरु, अर्जेन्टिना, मेक्सीको र दक्षिण अफ्रिका सङ्क्रमितहरुको सङ्ख्याका आधारमा अग्र दशमा पर्ने मुलुक हुन् ।

### भारतमा कोभिड-१९ संक्रमण र मृत्यु संख्यामा पनि समान्य कमी

नयाँ दिल्ली, २० असोज (रासस/सिन्ह्वा) ।

विगत २४ घण्टामा कोभिड-१९ बाट थप सङ्क्रमितको सङ्ख्या ६१ हजार २६७ रहेको सङ्घीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार जानकारी गराएको छ । भारतमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या ६६ लाख ८५ हजार ८२ पुगेको मन्त्रालयले जनाएको छ । विगत २४ घण्टामा देशभर मृत्यु हुनेको सङ्ख्या ८८४ रहेको छ भने अहिलेसम्म कूल एक लाख तीन हजार ५६९ पुगेको सरकारी अधिकारीले पुष्टि गरेका छन् । यो महिना (अक्टोबर)को पहिला पाँच दिनको तथ्याङ्क हेर्दा भारतमा कोभिड-१९ सङ्क्रमण तथा सङ्क्रमित बिरामीको मृत्यु दरमा सामान्य कमी देखिएको छ । अक्टोबर १ का दिन ८६ हजार ८२१ व्यक्तिमा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएको र मृत्यु एक हजार १८१ रहेकोमा अक्टोबर २ मा सङ्क्रमितको सङ्ख्या करिब पाँच हजारले कमी आई ८१ हजार ४८४ भएको थियो । त्यस्तै मृत्यु सङ्ख्यामा पनि करिब १०० ले कमी आई एक हजार ९५ मा झरेको थियो । महिनाको तेस्रो दिन सङ्क्रमितको सङ्ख्या अघिल्ला दिनको तुलनामा थप कमी आई ७९ हजार ४७६ कायम भएको थियो भने मृत्यु सङ्ख्या एक हजार ६९ मा झरेको थियो । अक्टोबरमा ४ मा सङ्क्रमितको सङ्ख्यामा थप कमी आई ७५ हजार ८२९ र मृतक सङ्ख्या ९४० भयो भने अक्टोबर ५ मा सङ्क्रमितको सङ्ख्या ७४ हजार ४४२ भयो र ९०३ सङ्क्रमितको मृत्यु भयो । भारतमा अहिलेसम्म ५६ लाख ६२ हजार ४९० व्यक्ति कोभिड-१९ सङ्क्रमणमुक्त भइसकेका छन् भने अझै पनि नौ लाख १९ हजारभन्दा बढी व्यक्तिमा सङ्क्रमण रहेको छ । भारतीय चिकित्सा अनुसन्धान परिषद् (आईसीएमआर) का अनुसार भारतमा मङ्गलबारसम्म कूल ८१ लाख ७१ हजार ७९७ व्यक्तिको कोभिड-१९ परीक्षण भएको छ । योमध्ये सोमबार मात्र एक लाख ८९ हजार ४०३ व्यक्तिको कोभिड-९ परीक्षण भएको बताइएको छ ।

### अमेरिकी राष्ट्रपति ट्रम्प चार दिनको उपचारपछि ह्वाईट हाउस फिर्ता

वासिङ्टन, २० असोज (रासस/पीटीआई) ।

कोरोनाभाइरसबाट सङ्क्रमित हुनुभएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अस्पतालबाट निवास फर्किनु भएको छ । उहाँलाई कोरोनाभाइरसको सङ्क्रमण भएको पुष्टि गत शुक्रबार गरिएको थियो । त्यसपछि लगत्तै उहाँ सैनिक अस्पतालमा भर्ना हुनुभएको थियो । उहाँ अस्पतालबाट निवास फर्किएपनि उहाँको उपचार भने निवासबाटै जारी रहने अधिकारीहरुले जनाएका छन् । आफ्नो स्वास्थ्य अवस्थामा धेरै सुधार आएको ७४ वर्षीय ट्रम्पले बताउनुभएको छ । उहाँले चाडै नै आफ्नु सार्वजनिक रुपमा निर्वाचनको काममा लाग्ने पनि जानकारी दिनुभयो ।

अमेरिकामा आगामी नोभेम्बर २९ तारिखमा राष्ट्रपतिय निर्वाचन हुन लागेको छ भने ट्रम्प पनि प्रतिस्पर्धामा हुनुहुन्छ । अस्पतालबाट ह्वाइट हाउस उहाँ छोटो हेलिकोप्टरमार्फत् जानुभएको हो । उहाँ अस्पताल जाँदा पनि हेलिकोप्टरमै जानुभएको थियो । ट्रम्पको स्वास्थ्यमा सुधार भइरहेको तर पूर्ण रूपमा ठीक भने नभइसकेको उहाँको उपचारमा संलग्न चिकित्सकहरुले बताएका छन् । उनीहरुका अनुसार ट्रम्पको अवस्था निवासमा फर्कन मिल्ने खालको रहेको र निवासमा रहँदा पनि उहाँलाई २४ नै घन्टा उत्कृष्ट चिकित्सकहरुको निगरानीमा रहने व्यवस्था गरिएको छ । ह्वाइट हाउस पुगेपछि उहाँले सामाजिक सञ्जाल ट्वीटरमा लेख्नुभएको छ, "मिथ्या समाचारले मिथ्या चुनावी सर्वेक्षण मात्र देखाइरहेका छन् ।" उहाँले कारोनाबाट डराउनु पर्ने आवश्यकता नरहेकोमा फेरि पनि जोड दिनुभएको छ । उहाँले यसअघि पनि कोरोनालाई सामान्य रुपमा लिन आह्वान गर्दै आउनुभएको थियो । उहाँलाई शुक्रवार राति वाल्टर रिड नेशनल सैनिक अस्पताल लगिएको थियो । अस्पतालमा उहाँलाई थेराप्लिगायतका उपचारका उपायहरु अपनाइएको छ ।

उहाँ बिहीबार मध्यान्ह एउटा चुनावी कार्यक्रममा सहभागी भएर फर्केपछि सङ्क्रमित हुनुभएको बताइएको छ । उहाँसँगै उहाँकी पत्नी मेलानिया पनि सङ्क्रमित हुनुभएको छ । राष्ट्रपति ट्रम्पले आफ्नी श्रीमतीको पनि अवस्था सामान्य नै रहेको जानकारी दिनुभएको छ । त्यसैगरी ह्वाइट हाउसका अन्य कम्तीमा १२ जना कर्मचारी तथा सहयोगीहरुलाई पनि सङ्क्रमण देखिएको जनाइएको छ । विश्वमै सबैभन्दा धेरै मानिसहरू कोरोना भाइरसबाट सङ्क्रमित रहेको मुलुक अमेरिकामा अहिलेसम्म दुई लाख १५ हजारभन्दा बढीको कोरोनाका कारण मृत्यु भएको छ । अमेरिकामा अहिलेसम्म ७६ लाख ७९ हजार ६४४ भन्दा बढी मासिन कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् ।

# विद्यालय बन्द गर्ने निर्णय

लहान, २० असोज (रासस)।

जिल्ला विपद् व्यवस्थापन समितिले विभिन्न स्थानीय तहमा सञ्चालन भएका विद्यालयहरू बन्द गर्ने निर्णय गरेको छ। बैठकले सामाजिक दुरी कायम गरी सञ्चालन भएका विद्यालयहरू बन्द गर्ने निर्णय गरेको हो।

विद्यार्थीहरूको विद्यालयमा उपस्थिति नगराइ वैकल्पिक सिकाइ विधि अपनाउन आग्रह गर्ने निर्णय भएको सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलले जानकारी दिनुभयो। कोरोना सङ्क्रमणको जोखिम कायम जारी रहेका बेला विद्यालयहरूमा विद्यार्थीहरूको भौतिक उपस्थिति गराइ पठनपाठन गर्दा जोखिम बढ्ने उहाँले बताउनुभयो। यहाँका मिर्चैया तथा गोलबजार नगरपालिका र लक्ष्मीपुर पतारी गाउँपालिकाले विद्यालय सञ्चालन गर्ने निर्णय गरेका थिए। निर्णय अनुसार ती स्थानीय तहका नीजि तथा सामुदायिक विद्यालयहरूले विद्यालयमा विद्यार्थी उपस्थित गराई पठन पाठन गराउन थालेपछि यस्तो निर्णय लिनुपरेको उहाँको कथन छ।

बैठकले सरकारले तोकेको मापदण्ड अनुसार सार्वजनिक यातायातका साधनहरू सञ्चालन भए नभएको अनुगमन गर्न र परिपालना नगर्नेलाई कारवाही गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालय र यातायात व्यवस्था कार्यालयलाई निर्देशन दिने निर्णय समेत गरेको छ।

# कोरोना संक्रमित ९० हजार नाघ्यो

काठमाडौँ, २० असोज (रासस)।

नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या ९० हजार नाघेको छ। पछिल्लो २४ घन्टामा एक हजार ५५१ सङ्क्रमित थपिएसँगै कुल सङ्क्रमितको सङ्ख्या ९० हजार ८१४ पुगेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घन्टामा ११ हजार ४७ नमूना परीक्षण गर्दा मुलुकभर एक हजार ४२ पुरुष र ५०९ महिलामा सङ्क्रमण पुष्टि भएको छ। पछिल्ला दिनमा काठमाडौँमा ७८३, ललितपुरमा ११८ र भक्तपुरमा ११६ गरी उपत्यकामा मात्र एक हजार १७ सङ्क्रमित थपिएका छन्। रुपन्देहीमा ९६, चितवनमा ८१, बाँके र दाङमा ३४/३४, मोरङमा २७, काभ्रेपलाञ्चोकमा २४, कैलाली र गोरखामा २०/२०, सुनसरीमा १९, महोत्तरीमा १५, नवलपरासी पूर्वमा १३, धनुषामा १२, कालिकोट र सिरहामा १०/१० सङ्क्रमित फेला परेका छन्।

यसैगरी नवलपरासीमा नौ, सर्लाहीमा सात, प्यूठान, मकवानपुर र रौटहटमा छ/छ, बैतडी, स्याङ्जा, धादिङ र नुवाकोटमा पाँच/पाँच, पाल्पा र झापामा चार/चार, उदयपुरमा तीन, अर्घाखाँची, कपिलवस्तु, गुल्मी, रामेछाप, पर्सा, बारा, सप्तरी, इलाम र धनकुटामा दुई/दुई, डडेल्धुरा, डोटी, बझाङ, बर्दिया, रोल्पा, म्याग्दी, लमजुङ, बाग्लुङ, तनहुँ, दोलखा, खोटाङ र ताप्लेजुङमा एक/एक सङ्क्रमित थपिएका छन्। पछिल्लो २४ घन्टामा कुल दुई हजार ३४० जना कोरोना मुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म ६७ हजार ५४२ जनाले कोरोनालाई जितेका छन्। कोरोना मुक्त भई डिस्चार्ज हुनेको प्रतिशत ७४.३ पुगेको छ।

मुलुकभर हाल २२ हजार ७०९ सक्रिय सङ्क्रमित रहेका छन्। सक्रिय सङ्क्रमितमध्ये १३ हजार ५९१ होम आइसोलेसन र नौ हजार ११८ संस्थागत आइसोलेनसमा छन्। चार हजार २२१ जना क्वारेन्टिनमा छन्। हालसम्म १० लाख ९९ हजार २६७ नमूना पिसिआर विधिबाट परीक्षण गरिएको मन्त्रालयले जनाएको छ। २४३ सङ्क्रमितको आइसियू र ४० सङ्क्रमितको भेन्टिलेटरमा उपचार भइरहेका छ। सोलुखुम्बु, मनाङ, मुस्ताङ, रुकुम पूर्व र डोल्पामा सक्रिय सङ्क्रमितछैनन् भने मोरङ, सुनसरी, काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन र रुपन्देहीमा ५०० बढी सक्रिय सङ्क्रमितछन्।

**नौको मृत्यु**

पछिल्लो २४ घन्टामा नेपालमा कोरोना सङ्क्रमणबाट चार महिला र पाँच पुरुष गरी नौ जनाले ज्यान गुमाएका छन्। सुनसरीमा एक, काठमाडौँमा दुई, ललितपुरमा तीन र चितवनमा एक जना ज्यान गुमाएका छन्। ज्यान गुमाउनेमा ५९ देखि ७७ वर्ष उमेर समूहका छन्।

यससँगै नेपालमा कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ५६३ पुगेको छ। कुल सङ्क्रमितमध्ये ०.६२ प्रतिशतको ज्यान गएको मन्त्रालयले जनाएको छ। विश्वभर तीन करोड ५७ लाख २८ हजार २१९ जना कोरोना सङ्क्रमित भएका छन्। सङ्क्रमितमध्ये १० लाख ४६ हजार ४१९ को ज्यान गएको छ भने दुई करोड ६८ लाख ८८ हजार ९४१ कारोनामुक्त भएका छन्।

# प्रदेश नं ५ अब लुम्बिनी, राजधानी देउखुरी

बुटवल, २० असोज (रासस)।

प्रदेश नं ५ को स्थायी राजधानी देउखुरी हुने प्रस्ताव प्रदेशसभामा मंगलबार पारित भएको छ। प्रदेशसभाको दुईतिहाइ बहुमतले राजधानी देउखुरी र लुम्बिनी प्रदेश नामकरण भएको सभामुख पूर्णबहादुर घर्तीले घोषणा गर्नुभयो। मंगलबार प्रदेश नं ५ ले औपचारीक रुपमा नाम लुम्बिनी र स्थायी राजधानी पाएको छ।

प्रदेशसभामा मंगलबार भएको मतदानमा देउखुरी राजधानीका पक्षमा ६९ र विपक्षमा १३ तथा लुम्बिनी प्रदेश नामकरणका पक्षमा ७९ र विपक्षमा चार मत परेको सभामुख घर्तीले सदनलाई जानकारी दिनुभयो। राजधानीका पक्षमा तीन र नामकरणका पक्षमा दुई सदस्य तटस्थ बस्नुभएको थियो। कुल ८७ सदस्य रहेको प्रदेशसभामा सभामुख घर्ती र प्रदेशसभा सदस्य सुरेन्द्रबहादुर हमाल मतदान प्रकियामा सहभागी हुनुभएन।

प्रदेश सरकारका तर्फबाट यही असोज १६ गतेको प्रदेशसभा बैठकमा दाङको राप्ती गाउँपालिका, गढवा गाउँपालिका तथा अर्घाखाँचीको शीतगङ्गा नगरपालिकाले चर्चेको राप्ती नदी किनाराको मैदानी भाग देउखुरी उपत्यका क्षेत्रलाई स्थायी राजधानीका लागि आन्तरिक मामिला तथा कानूनमन्त्री कुलप्रसाद केसीले प्रस्ताव गर्नुभएको थियो। त्यसै गरी प्रदेशको नामकरणका लागि पनि मन्त्री केसीले सभामा प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। दुवै प्रस्तावमा मत हस्ताक्षर गरेर मत विभाजन भएको थियो।

उक्त प्रस्तावमाथि प्रदेशसभामा विपक्षी दल नेपाली काङ्ग्रेसका तर्फबाट फरक प्रस्ताव दर्ता गरिए पनि प्रदेशसभा मंगलबारको बैठकमा मत विभाजन हुँदा दुइ तिहाइ मतले सरकारको प्रस्तावलाई पारित गरेको हो।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री -उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन। त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



**हमरा सभक॒ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैल॒वाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आ॒ छिँकलासँ निकलैवाला थुक आ॒ पोटाक॒ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आ॒ छिँकैत काल नाक, मुख झापु आ॒ प्रयोग क्यालगेल टिसूपेपरक॒ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलक॒ २० सेकेण्डधरि हात धोबु। आ॒ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आ॒ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाक॒ रहु। आ॒ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आ॒ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आ॒ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन क॒ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np